# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला सप्तरी, अगाडीपकरी गा.वि.स. ७ स्थित श्री जनएकता राष्ट्रिय प्राथमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको मिलेमतोमा सरकारी रकम दुरुपयोग भएको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा श्री जनएकता राष्ट्रिय प्राथमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष ललनकुमार गोइत र प्रधानाध्यापक रिनाकुमारी यादवको आपसी मिलेमतोमा निर्माण सामग्री खरिद तथा छात्रवृत्ति वितरणका नाममा फर्जी बिल(बिजक) तथा भरपाईहरु तयार गरी विद्यालयको नाममा रहेको खाताबाट रकम हिनामिना गरी आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ललनकुमार गोइत र प्रधानाध्यापक रिनाकुमारी यादवलाई जनही रु.३,६२,८४७।५० (तीन लाख बैसठ्ठी हजार आठ सय सड्चालिस रुपैयाँ पचास पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर र सोही दफाले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) तथा सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता